# तेह्रौ वार्षिक साधारणसभाको निर्णय

चन्द्रागिरि हिल्स लिमिटेड काठमाण्डौको मिति २०७९/०८/२८ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार आज मिति २०७९ साल षौष २१ गते विहिवारका दिन बोलाईएको कम्पनीको तेहौ वार्षिक साधारणसभा यस चन्द्रागिरि हिल्स लिमिटेडको टप स्टेशनमा रहेको सभाहलमा सञ्चालक समितिका अध्यक्ष श्री चन्द्र प्रसाद ढकालज्यूको सभापतित्वमा दिनको ११.०० बजे शुरु भई १:३० बजे सम्म देहाय बमोजिमका प्रस्तावहरु उपर छलफल गरी निम्नानुसार निर्णय गरी सु-सम्पन्न भयो ।

**१. सभाको सभापतित्व :**

कम्पनीको तेह्रौं वार्षिक साधारणसभाको सभापतित्व गरिदिनुहुनको लागि कम्पनी सचिव ज्युबाट अनुरोध गरे बमोजिम सञ्चालक समितिका अध्यक्ष श्री चन्द्र प्रसाद ढकालज्यूले सभाको सभापतित्व ग्रहण गर्नु भयो । त्यस पछि संचालक सदस्यज्यूहरु , शेयर सदस्यज्यूहरु र उपस्थित अन्य सम्पूर्ण सबैलाई आसन ग्रहण गराउने कार्यक्रम सम्पन्न भयो । तत् पश्चात अध्यक्षज्यूको निर्देशन अनुसार कम्पनी सचिवले सभाको कार्यक्रमलाई अगाडि बढाउनु भयो ।

**२. सभाको सुचना**

कम्पनीको मिति २०७९/०८/२८ गते बसेको सञ्चालक समितिको बैठकले तेह्रौं वार्षिक साधारणसभा बोलाउनको लागि आजको मिति तोक्ने निर्णय गरे पश्चात् कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२)को व्यवस्था वमोजिम कम्पनीको १३ औ साधारण सभाको लागि सभा हुने मिति, समय, स्थान,छलफलका प्रस्तावहरु र शेयर दाखिल खारेज दर्ता किताब वन्द रहने सम्वन्धि सुचना २ पटक कमश मिति २०७९ मंसिर २९ गते बिहिवार र पौष १७ गते शनिवार गरि दुई पटक राष्ट्रिय दैनिक नयाँ पत्रिकामा सुचना निकालिएको थियो ।

त्यसै गरि यसरी प्रकाशन गरिएको सूचना सहित कम्पनीको आ.व ०७८/०७९ को लेखापरिक्षण सम्पन्न भएको वासलात, आयव्यय हिसाव र नगद प्रवाह विवरण सहितको वार्षिक आर्थिक प्रतिवेदन विवरण कम्पनीको वेव साईड www.chandragirihills.com मा समेत शेयरधनी महानुभावहरुको अधिकतम जानकारीको लागि उपलब्ध गराईएको छ ।

**३.उपस्थिति:**

शेयरधनीहरुको उपस्थिति संख्या : गणपूरक संख्या (कम्पनी ऐन २०६३ को दफा ७३ वमोजिम)

| विवरण | जम्मा शेयर संख्या | उपस्थित शेयरधनी | जम्मा उपस्थित (शेयर संख्या) | कुल प्रतिशत |
|---|---|---|---|---|
| संस्थापक शेयरधनी समुह | १३,५००,००० | १३ | १३,०९५,००० | ८५.४९ % |
| सर्वसाधारण समुह | १,८४०,९१० | २२४ | १९८३७ | |
| कुल शेयर संख्या | १५,३४०,९१० | २३७ | १३,११४,८३७ | |

उपस्थित शेयरधनीले प्रतिनिधित्व गर्ने शेयरको प्रतिशत : ८५.४९ प्रतिशत ।

**४. सभाको वैधानिकता :**

कम्पनीको तेह्रौं वार्षिक साधारणसभा कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली अनुसार बोलाईएको र कम्पनीको नियमावलीको नियम २३ बमोजिम साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा वढी शेयरधनीको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ५ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान रहेकोकाले कम्पनीको १३ औं वार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरि पुस्तिकामा हाजिर जनाउने शेयरधनीको संख्या सो भन्दा बढी भएकाले कम्पनी सचिवले साधारण सभाको गणपुरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा बैधानिक भएको जानकारी गराउनु भयो ।

**५. सभाको विषय सूची :-**

**क) सामान्य प्रस्ताव :**

१. संचालक समितिको तर्फवाट अध्यक्षज्यूद्वारा प्रस्तुत तेहौ वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरिक्षको प्रतिवेदन सहितको २०७९ को आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व २०७८/०७९ को आयव्यय हिसाव र नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु स्वीकृत गर्ने ।

३. कम्पनी ऐन, २०६३को दफा १११ बमोजिम आ.व.२०७९/०८० को लेखापरिक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. संस्थापक शेयरधनीको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालकको निर्वाचन गर्ने सम्बन्धमा ।

ख) **विविध प्रस्ताव :**

१.चन्द्रागिरि हिल्स लिमिटेड तथा यसको सहायक कम्पनी मल्टीपोखरा डेभलप्मेन्ट प्रा. लि. बीच भएको जग्गा भाडाको संझौता अनुमोदन गर्ने ।

६. **वार्षिक प्रतिवेदन प्रस्तुती :**

सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री चन्द्र प्रसाद ढकालज्यूले तेह्रौ वार्षिक प्रतिवेदन सभासमक्ष प्रस्तुत गर्नुभयो । तत्पश्चात उहाँबाट कम्पनीको हालसम्म भए गरेका कार्य प्रगती, समस्या तथा समस्या समाधानका लागि चालिएका कदमका विषयमा जानकारी गराउनुभयो ।

७. **वार्षिक प्रतिवेदन उपर छलफल:**

अध्यक्षज्यूबाट वार्षिक प्रतिवेदन प्रस्तुती एवं आयोजनाको बारेमा जानकारी दिईसकेपछि उपस्थित शेयरधनीहरुको तर्फबाट प्रस्तुतिकरणको दौरानमा उठेका विषयवस्तुहरु माथि छलफलमा सहभागिता जनाईयो । उपस्थित शेयरधनी महानुभावहरु मध्ये सभामा आई शुभकामना दिनेहरुमा क्रमश श्री गुण राज भट्ट, श्री डमरु वल्लभ घिमिरे, श्री शिव प्रसाद पौडेल, श्री चनु नारायण श्रेष्ठ, श्रीमति इन्दिरा सुवेदी ,श्री कमल राज खरेल, श्री कल्याण राज गौतम र श्री राम गोपाल महर्जन लगायतले कम्पनीको १३ औ वार्षिक साधारणको शुभकामना दिनुका साथै आगामी दिनमा कम्पनीलाई लगानी वापतको लाभांस वितरण तर्फ अग्रसर गराउन जोड दिनुभयो । श्री गुण राज भट्ट ज्यूबाट यस चन्द्रागिरि हिल्स का परियोजानाकार अध्यक्ष श्री चन्द्र प्रसाद ढकाल ज्यूलाई धन्यवाद दिदै कम्पनीको उत्तरोत्तर प्रगतीको कामना गर्नु भयो । साथै उहाँवाट आफुलाई परेको चन्द्रागिरिको शेयर आफ्नो पुस्तालाई हस्तान्त्रण गर्ने चाहना रहेको कुरा व्यक्त गर्नु भयो । त्यसै गरि श्री डमरु वल्लभ घिमिरे ज्यूवाट कम्पनीको परिसर भित्र नै साधारण सभा गरि सम्पूर्ण शेयर धनीहरुलाई वोल्ने अवसर दिएकोमा खुशि व्यक्त गर्दे कम्पनीमा देखिएको विकास तथा परिर्वतन प्रति देखाएको सकारात्मक कामका लागि संचालक तथा व्यवस्थापन प्रति खुशी व्यक्त गर्नु भयो । त्यसै गरि श्री शिव प्रसाद पौडेल ज्यूवाट चन्द्रागिरि हिल्स लिमिटेडको शेयरधनी हुन पाउनु नै हामीहरुको लागि गौरवको कुरा भएको भन्दै कम्पनीको थप व्यापार व्यवसाय वढाउनको लागि प्रचार प्रसारलाई अझै जोड दिनु पर्ने

Chandragiri Hills Ltd. Kathmandu

र आगमी दिनमा वोनस तथा लाभांश वितरण गर्न सक्ने अवस्थामा पुग्न सकोस भनी शुभकामना दिनु भयो । त्यस्तै गरि ,श्री चनुनारायण श्रेष्ठज्यूवाट कुनै पनि काम तोकिएको समय भित्रमा गर्न सकेमा राम्रो हुने सुझाव दिदै आगमी वर्ष कम्पनी ऋणभार कसरी कम गर्न सकिन्छ भन्ने विषयमा अग्रसर हुन सुझाव दिनु भयो । त्यसैगरि ,श्रीमति इन्दिरा सुवेदी ज्यूवाट आफुले पनि स्थानियको तर्फवाट शेयर लिन पाएकोमा खुशि व्यक्त गर्दै कम्पनीको प्रगतीको लागि शुभकामना दिनु भयो । त्यसै गरि ,श्री कमल राज खरेल ज्यूवाट कम्पनीका संस्थापक शेयरधनी तथा संचालकलाई विषेश धन्यवाद दिदै शेयरको मुल्य वढाउनका लागि पनि  कम्पनीले व्यापार व्यवसाय वढाउन  जोड दिनु पर्ने सुझाव दिनु भयो । त्यसैगरि ,श्री कल्याण राज गौतम ज्यूवाट यस सभामा उपस्थित भई सभा समक्ष वोल्न पाउदा खुशी व्यक्त गर्दै कम्पनीको व्यापार व्यवसाय वढाउनका लागि प्रचार प्रसारलाई जोड दिनु पर्ने सुझाव दिनु भयो । त्यसै गरि अन्तमा श्री राम गोपाल महर्जन ज्यूवाट यस सभामा आई आफ्नो कुरा राख्न पाउदा खुशी लागेको र आगमी वर्ष सम्म कम्पनी नाफामा गई लाभाशं वितरण गर्न सक्ने अवस्थामा जाने छ भन्ने अपेक्षा रहेको कुरा व्यक्त गर्दै यस कम्पनीको उद्देश्य व्यापक बनाई अन्य क्षेत्रमा समेत लगानी गरि नाफा आर्जन गर्ने तर्फ कदम चाल्न सफलता गिलोरा  भन्ने शुभकामना व्यक्त गर्नु भयो ।

शेयरधनीहरुबाट उठाईएका विषयहरुको बारेमा अध्यक्षज्यू बाट जवाफ दिने कार्य गर्नुभयो । उहाँवाट आउने दिनहरुमा यस्तै खालका नयाँ परियोजनाहरु निमार्णको लागी सकरात्मक तरिकाले लिने र नयाँ लगानी भित्राई अगाडी वढाउने विश्वास दिलाउनु भयो । साथै उहाँवाट आगमी दिनहरुमा अझै मेहनत गरेर व्यवसाय विस्तारको लागी वजार प्रर्वधनमा विशेष ध्यान पुऱ्याउन  व्यवस्थापनलाई अनुरोध गर्दै आगमी दिनहरुमा चुस्त दुरुस्त ढङ्गले अगाडी वढाउने प्रतिवद्धता व्यक्त गर्नु भयो ।

त्यसै गरि शेयरधनीहरुबाट आएका सुझावहरुलाई मनन गर्दै चन्द्रागिरि हिल्सका सम्पूर्ण शेयरधनीहरुलाई लागु हुने गरि शेयरधनीहरुका सामाजिक जमघट, भेटघाट लगायतका कार्यहरु चन्द्रागिरि परिसरमै संचालन गर्न सक्ने गरि योजना वनाई कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो । हाल यस कम्पनीले सञ्चालन गर्दै आएको केबलकार, रिसोर्ट, जिपलाइन, वालक्लाइम्बिङ्ग तथा अन्य सेवाहरु व्यवस्थित रुपमा सञ्चालनमा ल्याउन समयानुसार सल्लाह प्रदान गरी योगदान दिनु हुने शेयरधनी महानुभावहरु तथा अहोरात्र खटिई कम्पनीलाई सुमधुर रुपमा कार्य सञ्चालनमा ल्याई थप व्यवसायिक वनाउन विषेश भुमिका निर्वाह गर्नुहुने व्यवस्थापन समिति तथा कम्पनीका अन्य सम्पूर्ण कर्मचारीहरुको योगदानको कदर गर्दै धन्यवाद ज्ञापन गर्नु भयो । अन्त्यमा, सञ्चालक

Chandragiri Hills Ltd. Kathmandu

समितिको नीति तथा कार्यक्रमलाई सफल बनाउनको लागि सहयोग गर्नु भएका संम्पुर्ण शेयरधनी महानुभावहरु, निरन्तर रुपमा तोकिएको उद्देश्य प्राप्तिका लागि खटिएका कम्पनीका सम्पूर्ण कर्मचारीहरु, नीति निर्माता सञ्चालकज्यूहरु र कम्पनी व्यवस्थापन समितिलाई पुन : धन्यवाद दिनु भयो र आगामी दिनहरुमा यस कम्पनीलाई अझ व्यवसायिक तथा व्यवस्थित गर्दै लगिने प्रतिवद्धता समेत व्यक्त गर्नु भयो ।

८. **निणर्यहरु:**

माथिका समसामयिक विषयहरुमा उपस्थित शेयरधनी महानुभावहरुले सहभागिता जनाउने काम सम्मन्न भएपछि छलफलका क्रममा शेयरधनीहरुबाट प्राप्त सुझावहरुलाई कार्यान्वयन गर्ने सम्बन्धमा अध्यक्षज्यूवाट प्रतिबद्धता व्यक्त भएपछि विधिवत रुपमा वार्षिक साधारण सभामा छलफलका लागि प्रस्ताव गरिएका विषयहरु उपर छलफल भई निम्नानुसार निर्णय गरियो:

**क) सामान्य प्रस्ताव:**

१) प्रस्ताव नं. १, सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत तेह्रौ वार्षिक प्रतिवेदन पारित गरियोस भनी सभामा राखिएको प्रस्तावलाई सर्वसम्मतिबाट पारित गरियो ।

२) प्रस्ताव नं. २, लेखा परीक्षकको प्रतिवेदनसहितको आ.व. २०७९ साल आषाढ मसान्तसम्मको वासलात, सोहि मितिमा सगाप्त भएको आ.च.२०७८/०७९ को आयव्यय हिसाव र नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु स्वीकृत गरियोस् भनि राखिएको प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत गरियो ।

३) प्रस्ताव नं. ३, कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व.२०७९/०८० को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने विषय उपर छलफल हुँदा यस कम्पनीको आ.व. २०७९/०८० को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षकको रुपमा भट्ट एण्ड कम्पनी, चार्टड एकाउण्टटेण्टस् लाई लेखापरीक्षकको रुपमा नियुक्ति गर्ने र निजको पारीश्रमिक वापत रु.४,५०,००० (चार लाख पचास हजार मात्र भ्याट बाहेक) निर्धारण गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

४) प्रस्ताव नं ४, संस्थापक शेयरधनीको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालकको निर्वाचन गर्ने विषय माथी छलफल हुँदा निर्वाचन कार्यतालिका वमोजिम तोकीएको समय भित्र मनोनयन दर्ता भएको नामावली निर्वाचन अधिकृतज्यूवाट सभामा प्रस्तुत गर्दा आगामी चार बर्षको कार्यकालका लागि संचालक सदस्यमा कमश श्री हेमराज ढकाल ज्यू , श्री उत्तम कुमार नेपाल ज्यू ,श्री कल्याण गुरुङ्ग ज्यू , तथा श्री दिलिप शेखर श्रेष्ठ ज्यू वाट संचालक समितिमा संस्थापक शेयर सदस्यको तर्फवाट मनोनयन दर्ता गराउनु भएको तथा कम्पनीको नियमावली अनुसार जम्मा संस्थापक शेयर सदस्यवाट संचालक समितिमा प्रतिनिधित्व गर्ने को संख्या ५ जना रहेकोमा चार जनाको मात्र मनोनयन दर्ता भएकाले निर्वाचन अधिकृतज्यूवाट मनोनयन दर्ता गराउनु भएका कमश श्री हेमराज ढकाल ज्यू , श्री उत्तम कुमार नेपाल ज्यू ,श्री कल्याण गुरुङ्ग ज्यू ,तथा श्री दिलिप शेखर श्रेष्ठ ज्यू हरु संचालक समितिमा र्निविरोध निर्वाचित हुन भएको घोषणा सहितको प्रस्ताव पारित गरियो ।

**ख) विविध प्रस्ताव :**

१.चन्द्रागिरि हिल्स लिमिटेड तथा यसको सहायक कम्पनी मल्टीपोखरा डेभलप्मेन्ट प्रा. लि. बीच भएको जग्गा भाडाको संझौता अनुमोदन गर्ने विषय माथि छलफल हुदा चन्द्रागिरि हिल्स लिमिटेड तथा यसको सहायक कम्पनी मल्टीपोखरा डेभलप्मेन्ट प्रा. लि मिति २०७८/०४/०१ गते देखि सम्झौतामा तोकीएको शर्तहरु दुवै पक्षलाई मान्य हुने गरि चन्द्रागिरि हिल्स लिमिटेडको तर्फवाट सहायक कम्पनी मल्टीपोखरा डेभलप्मेन्ट प्रा. लि.को नाममा रहेको ३९ रोपनी जग्गा वीस वर्षको लागि वार्षिक पचास हजार रुपैयाँ प्रति रोपनी भाडा दिने गरि गरिएको सम्झौता लाई यस सभावाट अनुमोदन गर्ने निर्णय गरियो ।

..................

..............................

**श्री झलकराज शर्मा**

**( कम्पनी सचिव)**

**श्री चन्द्र प्रसाद ढकाल**

**(अध्यक्ष)**

Chandragiri Hills Ltd. Kathmandu

# Global IME Capital Limited

ग्लोबल आइएमई क्यापीटल लिमिटेड

GROW WITH US

37551

Regd No. 1067/064/065


पत्र संख्या : RTS/८१०/०७९/८०, चलानी नं.२४९६

Global IME Capital Limited, Kathmandu, Nepal

मिति : २०७९/०९/२२

श्री चन्द्रागिरि हिल्स लिमिटेड,
थानकोट, काठमाण्डौ ।

**विषय : गणपुरक संख्या सम्बन्धमा जानकारी गराइएको बारे ।**

महाशय,

उपरोक्त विषयको सम्बन्धमा त्यस कम्पनीको मिति २०७९/०९/२१ गते बिहिबारको दिन सम्पन्न १३ औं वार्षिक साधारण सभामा स्वयं तथा प्रतिनिधि मार्फत उपस्थित शेयरधनीहरुको गणपुरक संख्या तपसील बमोजिम रहेको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

**तपसील :**

१. स्वयं उपस्थित हुने शेयरधनीको संख्या : २३७

२. प्रतिनिधि मार्फत उपस्थित हुने शेयरधनीको संख्या : ०

जम्मा उपस्थित संख्या : २३७

**गणपुरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम)**

| विवरण | जम्मा शेयर संख्या | उपस्थित शेयरधनी | | उपस्थित (शेयर संख्या) | | जम्मा शेयरधनी संख्या | जम्मा शेयर संख्या |
|---|---|---|---|---|---|---|---|
| | | स्वयं | प्रतिनिधि मार्फत | स्वयं | प्रतिनिधि मार्फत | (स्वयं तथा प्रतिनिधि) | (स्वयं तथा प्रतिनिधि मार्फत) |
| संस्थापक शेयरधनी समूह | १३,५००,०००,०० | १३ | ० | १३,०९५,०००.०० | ० | १३ | १३,०९५,०००.०० |
| सर्वसाधारण समूह | १,८४०,९१०.०० | २२४ | ० | १९,८३७.०० | ० | २२४ | १९,८३७.०० |
| कूल शेयर संख्या | १५,३४०,९१०.०० | २३७ | ० | १३,११४,८३७.०० | ० | २३७ | १३,११४,८३७.०० |
| | | | | | कूल प्रतिशत (%) | ८५.४९% | |

विजेता शाक्य
अधिकृत

नलिना श्रेष्ठ
ना.प्रमुख कार्यकारी अधिकृत